आज मिति २०७५ साल माघ १८ गते शुक्रबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा नगरपालिकाको छत्तिसौं बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिती :-

| सि.नं. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत | श्री राजेन्द्र कार्की | | |

सहयोगी कर्मचारीहरु :-

| सि.नं. | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १. | शाखा अधिकृत | श्री पद्मराज काफ्ले | |
| २. | शाखा अधिकृत | श्री वासुदेव भेटवाल | |
| ३. | शाखा अधिकृत | श्री पुष्पराज खनाल | |
| ४. | लेखा अधिकृत | श्री ज्ञान बहादुर अधिकारी | |
| ५. | सू.प्र.अधिकृत | श्री बसन्त पाठक | |
| ६. | इञ्जिनियर | श्री रुद्रनाथ आचार्य | |
| ७. | अ.ईञ्जिनियर | श्री बिजेन्द्र श्रेष्ठ | |
| ८. | म.का. | श्री ज्योति पन्थी | |
| ९. | का.स | श्री अञ्जना गिरी | |

निर्णय नं. १ २०७५ सालमा लिईने नगरस्तरिय आधारभूत शिक्षा परीक्षा कक्षा-८ सञ्चालन तथा व्यवस्थापनको लागि तपशिल वमोजिम आम्दानी तथा खर्च स्वीकृत गर्ने निर्णय गरियो ।

आम्दानी विवरण शै.स २०७५

| विवरण | एकाइ दर | संख्या | रकम रु |
|---|---|---|---|
| शिक्षा वजेट | | ४०० | १५४०००/ |
| परीक्षा शुल्कवाट | ५०० | १९५० | ९७५०००/ |
| नगरपालिका वाट | | | ३०००००/ |
| जम्मा | | | १४२९०००/ |

खर्च विवरण शै.स २०७५

| क.स | विवरण | एकाइ मूल्य दर | संख्या | रकम रु |
|---|---|---|---|---|
| १ | प्रश्नको आईटम राईटिङ्ग खर्च | | ८ विषयको | ३४१५०/ |
| २ | प्रश्न निमार्ण | | | |
| | ५० पुर्णाङ्कक सम्म | रु १०००/ | ८ सेट | ८०००/ |
| | ५० पुर्णाङ्कक भन्दा माथि | रु १५००/ | २४ सेट | ३६०००/ |
| ३ | प्रश्न परिमार्जन | रु १०००/ | १६ सेट | १६०००/ |
| ४ | प्रश्न छपाई | रु ४ | १८००० प्रति | ७२०००/ |
| ५ | उत्तरपुस्तिका छपाई | रु ५।८ | २५००० प्रति | १४५०००/ |
| ६ | ग्राफ,नक्सा | रु १० | २३५० वटा | २३५००/ |
| ७ | मार्क स्लिप,लेजर छपाई | रु ५ | १००० पेज | ५०००/ |
| ८ | हाजिरी फारम छपाई | रु ४ | १००० पेज | ४०००/ |
| ९ | उ.पु ढुवानी | रु १००० | ९ केन्द्र | ९०००/ |
| १० | परीक्षा केन्द्र खर्च | रु ३४३५० | ९ केन्द्र | ३८७०००/ |
| ११ | उत्तरपुस्तिका परीक्षण | | | |
| | ५० पुर्णाङ्कक सम्म | रु १० | ७७७० उ.प | ७७७००/ |
| | ५० पुर्णाङ्कक भन्दा माथि | रु १५ | १२२१० उ.प | १८३१५०/ |
| १२ | मार्कस ईन्ट्री | रु १० | २३५० जना | २३५००/ |

| | | | | |
|---|---|---|---|---|
| | प्रमाणपत्र तयारी | रु १२ | ४००० प्रति | ४८०००/ |
| | परीक्षा फर्म छपाई | | २५०० पेज | ५०००/ |
| | अनुगमन खर्च | | | १०००००/ |
| | वैठक खर्च | | | १२००००/ |
| | विविध खर्च | | | ५००००/ |
| | मूल्याङ्कन र पुरस्कार | | | ३५०००/ |
| | जम्मा | | | १४२९०००/ |

नं.२ टोखा नगरपालिकाको शिक्षा ऐनमा भएको व्यवस्थाअनुसार यस नगरपालिका भित्र रहेका यिक विद्यालयहरुको आ.व २०७४/०७५ को लेखापरीक्षण कार्यको लागि तपशिल मका लेखापरीक्षहरुलाई नियुक्ति गर्ने निर्णय गरियो ।

| स | विद्यालयको नाम | लेखापरीक्षकको नाम | प्र.प्र.नं. |
|---|---|---|---|
| | तिलिङ्गटार मा.वि | वावुराम एण्ड एसोसिएट्स | ११३५ |
| | सरस्वती मा.वि | श्री झविन्द्र प्रसाद भण्डारी | १२१० |
| | धापासी मा.वि | श्री टिकाजंग पाण्डे | ५१६४ |
| | चण्डेश्वरी आधारभूत मा.वि | उत्तम एण्ड एसोसिएट्स | ४८३९ |
| | जालुपा मा.वि | कृष्णहरि एण्ड एसोसिएट्स | ४०२४ |
| | बौडेश्वर मा.वि | अमिर मास्के एण्ड एसोसिएट्स | ३३४७ |

य नं. ३ नगरपालिका भित्रका ढलहरु सरसफाईको लागि Hydraulic Jet खरिद गर्न चा.लु आ.व ७५/०७६ मा वजेट विनियोजन भएकोमा सो विनियोजित वजेटवाट स्वीकृत ल.ई अनुसार Hydraulic Jet द गर्न वजेट अपुग भएकोले गत आ.व को अल्या वाँकी रकम वाट थप रकम विनियोजन गरि खरिद गर्ने निर्णय यो ।

य नं. ४ यस न.पा वाट आ.व. २०७५/०७६ को हुने स्वीकृत स्थानीय दररेटमा तपशिल वमोजिमको विद्युत ग्रीको दररेट छुट हुन गएकोले सो लाई स्वीकृत गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| treet Light with sensor,bracket, holder, base ire & Installation Charge | Per pec. | Rs. 5309.74 |
| 0 Wt. small led | per pec. | Rs.600/- (non Vat) |
| 0 wt.Big led | per pec. | Rs.1000/- (non Vat) |
| 0 Wt. Big led | per pec. | Rs.1200/-(non Vat) |
| 0 Wt.Fox Light (Led) | per pec. | Rs.4576/-(non Vat) |
| pecial NES 24,1 Yesrs Warrenty with power 36 Vt.,Light arm,wire,sencer & with all installation harge | | Rs. 17000/- (with vat) |

निर्णय नं. ५ नगरपालिकाको Digital Profile तयार गर्ने कार्यको लागि सफ्टवेयर,डाटाइन्ट्रीको प्राविधिक कार्य परामर्श सेवावाट गर्ने र तथ्याङ्क संकलन वडागत रुपमा नगरपालिकावाट गणक छनौट गरि गर्ने,प्रति घरधुरी रु ६०।- को दरले तथ्याङ्क संकलकलाई पारिश्रमिक उपलब्ध गराउने गरि TOR स्वीकृत गर्ने साथै उक्त कार्यको लागि रु ३१,८०,०००।- को लागत अनुमान समेत स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ चा.लु आ.व २०७५/०७६मा वडा नं. १० को खरिवोट देखि उत्तर तर्फ सि आर एस कम्पनी हुदै ओमप्लाजावाट ससेज फ्याक्ट्री देखि विष्णुमति सम्म ढल तथा सडक कालोपत्रे गर्ने कार्यको लागि विनियोजित बजेटवाट टोखा जाने मुल सडक वडा नं. १० गणेश स्थान देखि ओम प्लाजा सम्मको अघिल्लो भागमा ढल ड्रैन तथा सडक कालो पत्रे गर्न रु. ८०,००,०००।- र ओम प्लाजा देखि विष्णुमती सम्म ढल ड्रैन र कालो पत्र गर्न रु ६०,००,०००।- विनियोजित गरी उपभोक्ता समिति मार्फत काम गराउने निर्णय गरियो ।

निर्णय नं.७ टोखा नगरपालिकाको हाल सम्म विपद् व्यवस्थापन योजना तयार नभएको हुदाँ उक्त विपत व्यवस्थापन योजना तयार गर्नको लागि गत वर्षको अल्या रकमवाट रु १० लाख विनियोजन गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.८ चालू आ.व. २०७५/०७६ मा सांसद विकास कोष, प्रदेश सरकारको वजेट र यस नगरपालिकाको बजेट समेतबाट यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा खानेपानी डिपबोरिङ्ग गर्ने कार्यक्रम स्वीकृत भएकोमा सो कार्य काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड मार्फत गराउने निर्णय गरियो ।

निर्णय नं. ९ यस टोखा नगरपालिकाको नगरसभा आगामी २०७५ फाल्गुण ३० गते आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. १० को विविध माथि छलफल हुदाँ तपशिल वमोजिम निर्णय गरियो ।

१. व्यक्तित्व विकास एवं मनोशक्ति जागरण अभियान नामक संस्थाका सदस्य एव उत्प्रेरक वक्ता अनन्तराम के.सी.ले गिनिज वर्ल्ड रेकर्डद्धारा विश्वमा सबै भन्दा लामो (९० घण्टा २ मि.) बोलेर विश्वकृतिमान राख्न सफल भएको हुँदा निजलाई सहयोग एवं सम्मान गर्ने कार्यक्रमका लागि संस्कृति संरक्षण तथा प्रर्वद्धन कोषबाट रु १ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

२.यस नगरपालिका वडा नं. ४ स्थित विनायक टोल सुधार संस्थाले विनायक टोलमा बाटो पिच तथा साइड ड्रैन निर्माण र मंगाल मर्मत व्यवस्थापनका लागि ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गरी दिने माग गरिएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

३. यस टोखा नगरपालिकाको नगर कार्यपालिकाको बैठक मिति २०७५।६।०५ गते निर्णय भएको ABC Media Group Pvt.Ltd सँग यस नगरपालिकाको विभिन्न गतिविधि तथा विकास निर्माण कार्यको जानकारी प्रचार प्रसार तथा समाचार सम्प्रेषणका लागि भएको सम्झौता अनुसार ए.बि.सी.मिडियाले ए.बि.सी. टेलिभिजनमा प्रसारण गराउन नसकिएको हुँदा बाँकि कार्यक्रमहरु प्रिमियर डिजिटल मिडिया प्राइभेट लिमिटेडबाट उत्पादन गरी सेना टेलिभिजन मार्फत छायाँकन एव दृश्य सम्पादन गरि प्रसारण गर्न स्वीकृति दिने निर्णय गरियो ।

४. यस नगरपालिका वडा नं. २ स्थित श्री भगवती क्लबलाई शहिद स्मारक राष्ट्रिय "बि" डिभिजन फुटवलमा सहभागी हुनका लागि खेदकूद विकास कोषवाट रु ८ लाख उपलब्ध गराउने निर्णय गरियो ।

५.यस नगरपालिका वडा नं.४ स्थित श्री धापासी क्लबलाई "सी" डिभिजन फुटवालमा सहभागी हुनका लागि खेलकूद विकास कोषवाट रकम रु.४ लाख उपलब्ध गराउने निर्णय गरियो ।

६. "घ" वर्ग इजाजत प्रमाण पत्र लागि निवेदन दिने देहायका फर्महरुलाई घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

क. डाईनामिक कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.,टोखा-६, काठमाण्डौं ९८५११५६३८८

ख. कसरा कन्स्ट्रक्सन प्रा.लि.,टोखा-६, काठमाण्डौं ९८५१०८५१६८

ग. गृह डेभलपर्स प्रा.लि., टोखा-११, काठमाण्डौं ९८५११४३४२७

७. आशा नेपाल नामक सामाजिक संस्थाले परियोजना स्वीकृति माग गरेकोमा उक्त संस्थाले पेश गरेको प्रस्तावना वमोजिम कार्यक्रम सञ्चालन गर्नेगरी स्वीकृति दिने निर्णय गरियो ।

८. यस टोखा नगरपालिका वडा नं. ४ स्थित चण्डेश्वरी टोल स्थित कृष्ण लाल श्रेष्ठको घर देखि भिमदेव श्रेष्ठको घर सम्म बाटो ढलान र पूर्ण बहादुर श्रेष्ठको घर देखि दश नारायण श्रेष्ठको घर सम्मको बाटो ब्लक बिछ्याउने कार्यका लागि ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गर्न मांग भएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

९. श्री सरस्वती माध्यमिक विद्यालयले यहि आंउदो २०७५ माघ २५ गते विद्यालय प्राङ्गणमा यस वर्ष विज्ञान तथा कला प्रदर्शनको आयोजनाका लागि संस्कृति संरक्षण तथा प्रवर्द्धन कोषबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

१०. यस टोखा नगरपालिका वडा नं. ९ स्थित बजाज शोरुम देखि शिवमन्दिर सम्मको भागमा ढल कार्यका लागि वडाको आ.व. २०७५/०७६ को सि.नं. ४६८ को पानी, बत्ती, बाटो, ढल लगायत विपत व्यवस्थापन शिर्षक अन्तर्गत रु. १०,००,०००।- रकमबाट कट्टा हुने गरी प्राविधिक ल.ई बमोजिम रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

११. यस टोखा नगरपालिका वडा नं. ४ स्थित आँपगांछी देखि सार्वजनिक कुवा सम्मको गोरेटो बाटोमा ब्लक र मोटर बाटो ढलान तथा ढुंङ्गाको वाल निर्माणका लागि ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गरीदिने मांग गरिएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका वडा नं. ६ स्थित हात्ती चोक देखि डाँफे बस्ती सम्म सडक, ढल तथा पार्क निर्माणका लागि स्वीकृत ल.ई. बमोजिम गत वर्षको मौज्दात रकमवाट व्यहोर्ने गरी DPR तयार गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिका वडा नं. २ स्थित राजेश श्रेष्ठ समेतले अबिरल वर्षाको कारण काडोलमा खुडोल देखि बगि आएको राजकुलो को पानीको बहावले गर्दा पहिरो जोखिममा न्यूनिकरण गर्न वडा कार्यालयको सिफारिश पत्र तथा प्राविधिक मूल्यांकन बमोजिम ६८,४३७३२ विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने सम्वन्धमा ।

१४. नगरपालिकाको दैनिक प्रशासनिक कार्य सम्पादनको लागि विभिन्न शाखाहरुको कार्य कक्षको अत्यन्त अभाव रहेकोले नगरपालिकाका विभिन्न शाखाहरु संचालनको लागि आवश्यक घर भाडामा लिने निर्णय गरियो ।

१५. नगरसभावाट स्वीकृत भएका तपशिल वमोजिमका योजना तथा कार्यक्रमहरुको शिर्षक तथा कार्यक्रम संशोधन गर्न माग भई आएकोले नगरसभावाट अनुमोदन हुनेगरी तपशिल वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

- वडा नं. ८ को वासुकी टोल देखि गणेश टोल सम्म सडक कालोपत्र गर्ने कार्यक्रम लाई सहायक ड्रेन तथा बाटो स्तरोन्नति गर्ने ।
- वडा नं. ११ को भण्डारी टोलको माधव थापाको घरदेखि राजकुमार भण्डारीको घर सम्म ढल मर्मत योजना भएकोमा बाटो स्तरोन्नति थप "ढल मर्मत तथा बाटो स्तरोन्नति" गर्ने ।
- वडा नं. ८ को आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रमको सि.नं.६ को वालुवापाटी बेनी हार्डवेयर देखि मेनरोडबाट मितेरी टोल हुँदै ईन्द्रेणी पुल जाने बाटोमा रु. ७,००,०००।- बजेट मध्येबाट रु. ३,००,०००।- टोखा नगरपालिका वडा नं ३ र ८ को सिमानामा रहेको क्वीपिड स्कूल देखि सीताराम रिमालको घर सम्मको सडक ढलान कार्यक्रमका लागि रकम उपलब्ध गराउने गरी योजना संशोधन गर्ने ।
- वडा नं. ३ को संगम (लाउखा) टोल सुधार समितिलाई वडा स्तरीय कार्यक्रम अन्तर्गत बाटोमा ब्लक छाप्ने कार्यको ठाँउमा ढुङ्गा छाप्ने ।

- वडा नं ८ को आ.ब. २०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत मगर टोलमा ब्लक छाप्ने शिर्षकलाई [illegible] पुलबाट रमन बस्ती जाने पुल सम्म पाईप लाईन विस्तार गरि खानेपानी व्यवस्थापन गर्ने र सडक स्तरोन्नतिका लागि रु. ३,००,०००।- रकमान्तर गर्ने र वडा बाट विनियोजित भएको रकम रु. ३,००,०००।- मध्येबाट जालुपा हाईट खत्री टोलमा वाल निर्माणका लागि रु. २,००,०००।- अपुग भएकोले रु. १,५०,०००।- थप गरी बाँकि १,००,०००।- वडा नक्शा निर्माणका लागि र बाँकि रु. २,५०,०००।- मिलीजुली टोलको सडक स्तरोन्नति र खानेपानी तथा ढल व्यवस्थापनको लागि रकम रकमान्तरण गर्ने ।
- वडा नं. ४ को आ.ब. २०७५/०७६ को पूर्वाधार विकास अन्तर्गत हेमराज पोखरेलको घर देखि तुलसीराम पाण्डेको घर सम्म बाटो ढलानको लागि रु.२,००,०००।- विनियोजन भएकोमा उक्त योजना संशोधन गरी बाटोमा ब्लक बिछ्याने कार्य गर्ने ।

१६. [illegible] हाई स्कूलको बाल साहित्य महोत्सव कार्यक्रममा साझेदारीका लागि संस्कृति संरक्षण तथा प्रबर्द्धन कोषबाट रु ३५ हजार कार्यकम खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१७. लिलिङटार मा.वि.को भवन निर्माण कार्यका लागि सासंद क्षेत्र विकास कोषबाट उपलब्ध रकमवाट भवन निर्माण उपभोक्ता समिति गठन भई  कार्य अगाडी वढेकोमा लागत सहभागिता रकम विद्यालयले थप गर्न नसक्ने भएकोले उक्त विद्यालयवाट अनुरोध भई आएको हुदाँ विद्यालयले निमार्ण उपभोक्ता समितिवाट गर्ने उक्त भवन निर्माण कार्यमा लागत सहभागिता नलिने निर्णय गरियो ।

१८. यस टोखा नगरपालिका वडा नं. ११ अन्तर्गत महादेवबेसी कृष्ण लामिछानेको घर देखि फ्लोरोसेन्ट तर्फ निस्कने बाटो निर्माणका लागि ४०% रकम व्यहोर्ने गरी समपूरक कोषबाट रकम विनियोजन गरीदिने मांग गरिएकोले प्राविधिक ल.ई बमोजिम हुने आउने रकमको ६०% रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

१९. यस टोखा नगरपालिका वडा नं. ११ अन्तर्गत महादेव बेशी टोलमा बाटो विस्तार तथा स्तरउन्नतिका लागि [illegible] ढकालको घर देखि फ्लोरोसेन्ट स्कूल तर्फ बाटोमा रिटेनिङ्ग वाल निर्माण र साथै सोहि स्थान नजिकै [illegible] खड्काको घर देखि महादेवटार हाइट निस्कने बाटोमा सिमेन्ट ब्लक बिछ्याउने कार्यका लागि प्राविधि मूल्याङ्कन अनुसार मर्मत संभार कोषबाट रकम उपलव्ध गराउने निर्णय गरियो ।

२०. यस नगरपालिका वडा नं ५ वासुकी देवी मार्ग देखि मैत्री कोलनी जोड्ने वाटोमा पहिरो गई विपद व्यवस्थापन अर्न्तगत भएका कार्य वापत रकम रु १९९६१७/विपद व्यवस्थापन कोषवाट भुक्तानी दिने निर्णय गरियो ।

२१. किताव चरो नेपाललाई गीत निमार्ण कार्यका लागि संस्कृति संरक्षण तथा प्रबर्द्धन कोषबाट रु. २,२५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

२२. चालु आ.वको वजेट तथा कार्यकममा नगरपालिकाका सवै सम्पतिहरुको डिजिटाईज गरि व्यवस्थित वनाउन बजेट विनियोजन भएकोमा सो विनियोजित रकमले नगरपालिकामा साविक देखि रहेका घर नक्सा पास Digitization को लागि रकम नपुग हुने भएकोले गत आ.व को अल्या वाँकी रकम वाट स्वीकृत ल.ई अनुसारको सो रकम विनियोजन गरि पुराना घर नक्सा Digitazation गर्ने निर्णय गरियो ।

२३. यस नगरपालिका वडा नं ४ स्थित सारथी पाठशाला देखि विष्णु प्रसाद भण्डारीको घर सम्मको करिव ८६ मि.बाटोमा ओभरलेपिङ्ग,ड्रेन र मंगाल मर्मतको लागि ४०% रकम व्यहोर्ने गरी समपुरक कोषवाट रकम विनियोजन गर्न माग भई आएकोले प्राविधिक ल.ई वमोजिम हुन आउने रकमको ६०% रकम समपुरक कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।

२४. यस टोखा नगरपालिका वडा नं ४ स्थित गणेश मन्दिर पछाडी ओरालो वस्तीमा करिव २०० फिटको बाटोमा ढल तथा १५० मि.वाटो मर्मतका लागि ४०% रकम व्यहोर्ने गरी समपुरक कोषवाट रकम विनियोजन

२५. टोखा नगरपालिकाको ऐतिहासिक एव पुरातात्विक महत्वको कारण यस नगरपालिका वडा नं. २ र ३ को प्राचीन बस्तीलाई टोखा संरक्षित क्षेत्र घोषणा गर्नेगरी आ.व. २०७५/०७६ को नगरसभाबाट स्वीकृत भएकोले सोलाई कार्यान्वयनमा ल्याउन आवश्यक अध्ययन गरी ३ महिना भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय वमोजिको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गणेशमान श्रेष्ठ | संयोजक |
| मनिस जोशी | सदस्य |
| दिपेन्द्र श्रेष्ठ | सदस्य |
| हरि नारायण श्रेष्ठ | सदस्य |
| सव.ई.विजेन्द्र श्रेष्ठ | सदस्य |
| कानूनी सल्लाहकार सत्य नारायण डंगोल | सदस्य |

२६. यस नगरक्षेत्र भित्र साविकमा जडान गरिएका सडक सौर्य वत्ती विग्रिएर मर्मत हुन नसकिरहेको अवस्थालाई मध्य नजर गर्दै सडक सौर्य वत्ती विग्रिएको स्थानमा तत्काल मर्मत गर्ने र सो वापतको लाग्ने रकम ठेकेदारवाट [illegible] धरौटी जफत गरी भुक्तानी गर्ने निर्णय गरियो ।

२७. मनमोहन स्मृति प्रतिष्ठान सानेपा-२ ललितपुरले प्राविधिक शिक्षालय स्थापना गर्न करिव ५० रोपनी जग्गा उपलब्ध गराई दिन माग गरेको सम्वन्धमा यस न.पा अन्तर्गत वडा नं ३ साविक टोखा सरस्वती गा.वि.स वडा नं ८ सिट नं. १०२-०८६५-१३ कि.नं. ३ क्षे.फ २३८४४.०० व.मी जग्गा उपयुक्त देखिएको हुदाँ उक्त जग्गा उपलब्ध गराउन सिफारिस गर्ने प्रयोजनका लागि कसैको हक भोग भए सो को प्रमाण पेश गर्न ३५ दिनको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो साथै प्राविधिक शिक्षालय स्थापना सम्बन्धी प्रकृया अगाडी बढाउन उक्त प्रतिष्ठान लाई अनुरोध गर्ने निर्णय गरियो ।

२८. यस न.पा अन्तर्गत आफ्नै भवन नभएका वडा नं. ४,९ र ११ वडा कार्यालयहरुमा वडा कार्यालय भवन निमार्ण गर्नको लागि आवश्यक Drawing डिजाईन र लागत अनुमान तयार गर्ने निर्णय गरियो साथै वडा नं २ को खानेपानी योजनाको लागि DPR तयार गर्ने समेत निर्णय गरियो । साथै सो कार्यमा लाग्ने स्वीकृत ल.ई. अनुसारको रकम गत वर्षको अ.ल्या.बजेटबाट व्यहोर्ने निर्णय गरियो ।